# प्रदेश लोक सेवा आयोग

**मधेश प्रदेश, जनकपुरधाम, नेपाल**

(दरखास्त व्यवस्थापन र सूचना प्रकाशन शाखा)

## स्थानीय सेवा अन्तर्गत अप्राविधिक तथा प्राविधिक तर्फ सहायकस्तर पाँचौं तहका पदहरुको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. १०१/२०८२-०८३** **प्रकाशन मितिः २०८२/१०/०२ गते शुक्रवार**

लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशबाट प्रतिशत निर्धारण भई पदपूर्ति हुन बाँकी जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने स्थानीय सेवाका सहायकस्तर पाँचौं तहका देहायका अप्राविधिक तथा प्राविधिक पदहरूका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३० तथा देहाय बमोजिमका शर्तहरू पूरा गरेका बढुवाका सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई दरखास्त दिनुहुन सूचना गरिन्छ।

१. **जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू तर्फः** स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३० र दफा ३९ बमोजिमको योग्यता भएको तथा दफा ३२ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ।
२. **कार्यक्षमताको मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू तर्फः** स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३० बमोजिमको योग्यता भएको र दफा ३५, ३६, ३७ र ३८ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, जेष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३४ बमोजिम हुनेछ। साथै स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३२ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ।
३. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश निजामती किताबखाना, मधेश प्रदेशबाट आफूले पाएको कर्मचारी संकेत नम्बर (सिटरोल नं) उल्लेख गर्नु पर्नेछ।
४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
५. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका सम्पूर्ण विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ।
६. दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयल कट्टि भएको भए सो समेतको विवरणका साथै बढुवा दरखास्त फारम साथ संलग्न गर्नुपर्ने कागजातहरुको रुजु सूची (Check List) समेत छुट्टै पानामा खुलाई पेश गर्नुपर्नेछ।
७. दरखास्त दस्तुर रु. ४००।- (रु. चार सय मात्र) बुझाउनु पर्नेछ।
८. **दरखास्त दस्तुर बुझाउने स्थानः-** प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधामको कार्यालय कोडः २१००११७०१२ तथा राजश्व शीर्षक नं.: १४२२४ (परीक्षा शुल्क) राखी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं.: १०००१००२०००१०००० वा नेपाल बैंक लिमिटेड, खाता नं.: २७१०२०००००१००१०००००१ मध्ये आफुलाई पायक पर्ने कुनै एक बैंकमा उम्मेदवारले आफ्नो नामबाट दरखास्त दस्तुर बुझाएको सक्कल बैंक भौचर प्रति संलग्न गरी दरखास्त पेश गर्नु पर्नेछ।
९. **दरखास्त दिने अन्तिम मितिः** २०८२/१०/२२ र दोब्बर दस्तुर तिरी २०८२/१०/२९ गते सम्म।
१०. दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट ppsc.madhesh.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मिति भित्र प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाममा दरखास्त बुझाई सक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

### जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरु

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह, पद | पद संख्या |
|---|---|---|---|
| **(अ) अप्राविधिकतर्फ सहायकस्तर पाँचौं तह** | | | |
| १ | ५७०/२०८२-८३ | स्थानीय प्रशासन, सामान्य प्रशासन | १४१ (एक सय एकचालीस) |
| २ | ५७१/२०८२-८३ | स्थानीय प्रशासन, लेखा (लेखा सहायक) | १८ (अठार) |
| ३ | ५७२/२०८२-८३ | स्थानीय प्रशासन, लेखा (आन्तरिक लेखापरीक्षक) | ६ (छ) |
| **(आ) प्राविधिकतर्फ सहायकस्तर पाँचौं तह** | | | |
| १ | ५७३/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | ८४ (चौरासी) |
| २ | ५७४/२०८२-८३ | स्थानीय कृषि, मत्स्य | १ (एक) |
| ३ | ५७५/२०८२-८३ | स्थानीय कृषि, ला.पो.डे.डे. | २ (दुई) |
| ४ | ५७६/२०८२-८३ | स्थानीय कृषि, भेटेरिनरी | ३ (तीन) |
| ५ | ५७७/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | १० (दश) |
| ६ | ५७८/२०८२-८३ | स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग (प.हे.न.) | ३ (तीन) |
| ७ | ५७९/२०८२-८३ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन | १ (एक) |

### कार्यक्षमताको मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरु

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह, पद | पद संख्या |
|---|---|---|---|
| **(अ) अप्राविधिकतर्फ सहायकस्तर पाँचौं तह** | | | |
| १ | ५८०/२०८२-८३ | स्थानीय प्रशासन, सामान्य प्रशासन | ७८ (अठहत्तर) |
| २ | ५८१/२०८२-८३ | स्थानीय प्रशासन, लेखा (लेखा सहायक) | १३ (तेह्र) |
| ३ | ५८२/२०८२-८३ | स्थानीय प्रशासन, लेखा (आन्तरिक लेखापरीक्षक) | ७ (सात) |
| **(आ) प्राविधिकतर्फ सहायकस्तर पाँचौं तह** | | | |
| १ | ५८३/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | ४९ (उनन्चास) |
| २ | ५८४/२०८२-८३ | स्थानीय कृषि, मत्स्य | १ (एक) |
| ३ | ५८५/२०८२-८३ | स्थानीय कृषि, ला.पो.डे.डे. | २ (दुई) |
| ४ | ५८६/२०८२-८३ | स्थानीय कृषि, भेटेरिनरी | ४ (चार) |
| ५ | ५८७/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | ९ (नौ) |
| ६ | ५८८/२०८२-८३ | स्थानीय स्वास्थ्य, जनरल नर्सिङ्ग (स्टाफ नर्स) | १ (एक) |
| ७ | ५८९/२०८२-८३ | स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग (प.हे.न.) | ३ (तीन) |
| ८ | ५९०/२०८२-८३ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन | २ (दुई) |

## स्थानीय सेवा अन्तर्गत निम्न सेवा समूहका अप्राविधिक तथा प्राविधिक तर्फ सहायकस्तर पाँचौं तहका पदहरुको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. १०१/२०८२-०८३** **प्रकाशन मितिः २०८२/१०/०२ गते शुक्रवार**

स्थानीय सेवा तर्फका देहायका सेवा, समूह, उपसमूह तथा तहका पदहरूमा (खुला तथा समावेशी) प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आव्हान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.p2.gov.np मार्फत आवेदन दिनु पर्नेछ।

**सहायकस्तर पाँचौं तह (अप्राविधिक/प्राविधिक)**

| क्र. सं. | विज्ञापन नम्बर | सेवा, समूह, पद | खुला तथा समावेशी | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| **(अ) अप्राविधिकतर्फ सहायकस्तर पाँचौं तह** | | | | | | |
| १ | ५९१/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | खुला | | ६४ | ६४ (चौशठ्ठी) |
| | | (ख) स्थानीय प्रशासन, लेखा (लेखा सहायक) | | | १९ | १९ (उन्नाईस) |
| | | (ग) स्थानीय प्रशासन, लेखा (आन्तरिक लेखापरीक्षक) | | | १० | १० (दश) |
| | | **जम्मा** | | | **९३** | **९३ (तीरानब्बे)** |
| २ | ५९२/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | मधेशी महिला | | १७ | १७ (सत्र) |
| | | (ख) स्थानीय प्रशासन, लेखा (लेखा सहायक) | | | ५ | ५ (पाँच) |
| | | (ग) स्थानीय प्रशासन, लेखा (आन्तरिक लेखापरीक्षक) | | | ३ | ३ (तीन) |
| | | **जम्मा** | | | **२५** | **२५ (पच्चिस)** |
| ३ | ५९३/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | मधेशी | | १६ | १६ (सोह्र) |
| | | (ख) स्थानीय प्रशासन, लेखा (लेखा सहायक) | | | ५ | ५ (पाँच) |
| | | (ग) स्थानीय प्रशासन, लेखा (आन्तरिक लेखापरीक्षक) | | | २ | २ (दुई) |
| | | **जम्मा** | | | **२३** | **२३ (तेईस)** |
| ४ | ५९४/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | दलित महिला | | ५ | ५ (पाँच) |
| | | (ख) स्थानीय प्रशासन, लेखा (लेखा सहायक) | | | २ | २ (दुई) |
| | | (ग) स्थानीय प्रशासन, लेखा (आन्तरिक लेखा परीक्षक) | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **८** | **८ (आठ)** |
| ५ | ५९५/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | दलित | | ५ | ५ (पाँच) |
| | | (ख) स्थानीय प्रशासन, लेखा (लेखा सहायक) | | | १ | १ (एक) |
| | | (ग) स्थानीय प्रशासन, लेखा (आन्तरिक लेखापरीक्षक) | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **७** | **७ (सात)** |
| ६ | ५९६/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | मुस्लिम महिला | | ४ | ४ (चार) |
| | | (ख) स्थानीय प्रशासन, लेखा (लेखा सहायक) | | | १ | १ (एक) |
| | | (ग) स्थानीय प्रशासन, लेखा (आन्तरिक लेखापरीक्षक) | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **६** | **६ (छ)** |
| ७ | ५९७/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | मुस्लिम | | ३ | ३ (तीन) |
| | | (ख) स्थानीय प्रशासन, लेखा (लेखा सहायक) | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **४** | **४ (चार)** |
| ८ | ५९८/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | आ. ज. महिला | | २ | २ (दुई) |
| | | (ख) स्थानीय प्रशासन, लेखा (लेखा सहायक) | | | १ | १ (एक) |
| | | (ग) स्थानीय प्रशासन, लेखा (आन्तरिक लेखापरीक्षक) | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **४** | **४ (चार)** |
| ९ | ५९९/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | आ. ज. | | २ | २ (दुई) |
| १० | ६००/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | थारु महिला | | २ | २ (दुई) |
| | | (ख) स्थानीय प्रशासन, लेखा (लेखा सहायक) | | | १ | १ (एक) |
| | | (ग) स्थानीय प्रशासन, लेखा (आन्तरिक लेखापरीक्षक) | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **४** | **४ (चार)** |
| ११ | ६०१/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | थारु | | १ | १ (एक) |
| १२ | ६०२/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | विपन्न खस आर्य महिला | | २ | २ (दुई) |
| | | (ख) स्थानीय प्रशासन, लेखा (लेखा सहायक) | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **३** | **३ (तीन)** |
| १३ | ६०३/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | विपन्न खस आर्य | | १ | १ (एक) |
| १४ | ६०४/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | अपाङ्ग महिला | | १ | १ (एक) |
| **(आ) प्राविधिकतर्फ सहायकस्तर पाँचौं तह** | | | | | | |
| १ | ६०५/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | खुला | | ४४ | ४४ (चौवालीस) |
| २ | ६०६/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | मधेशी महिला | | १२ | १२ (बाह्र |
| ३ | ६०७/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | मधेशी | | ११ | ११ (एघार) |
| ४ | ६०८/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | दलित महिला | | ४ | ४ (चार) |
| ५ | ६०९/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | दलित | | ३ | ३ (तीन) |
| ६ | ६१०/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | मुस्लिम महिला | | ३ | ३ (तीन) |
| ७ | ६११/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | मुस्लिम | | २ | २ (दुई) |
| ८ | ६१२/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | आ.ज. महिला | | २ | २ (दुई) |
| ९ | ६१३/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | आ.ज. | | १ | १ (एक) |
| १० | ६१४/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | थारु महिला | | १ | १ (एक) |
| ११ | ६१५/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | थारु | | १ | १ (एक) |
| १२ | ६१६/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | विपन्न खस आर्य महिला | | १ | १ (एक) |
| १३ | ६१७/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | विपन्न खस आर्य | | १ | १ (एक) |
| १४ | ६१८/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | अपाङ्ग महिला | | १ | १ (एक) |
| १५ | ६१९/२०८२-८३ | स्थानीय कृषि, मत्स्य | खुला | | २ | २ (दुई) |
| | | स्थानीय कृषि, ला.पो.डे.डे. | | | ३ | ३ (तीन) |
| | | स्थानीय कृषि, भेटेरिनरी | | | ५ | ५ (पाँच) |
| | | **जम्मा** | | | **१०** | **१० (दश)** |
| १६ | ६२०/२०८२-८३ | स्थानीय कृषि, मत्स्य | मधेशी महिला | | १ | १ (एक) |
| | | स्थानीय कृषि, ला.पो.डे.डे. | | | १ | १ (एक) |
| | | स्थानीय कृषि, भेटेरिनरी | | | २ | २ (दुई) |
| | | **जम्मा** | | | **४** | **४ (चार)** |
| १७ | ६२१/२०८२-८३ | स्थानीय कृषि, ला.पो.डे.डे. | मधेशी | | १ | १ (एक) |
| | | स्थानीय कृषि, भेटेरिनरी | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **२** | **२ (दुई)** |
| १८ | ६२२/२०८२-८३ | स्थानीय कृषि, ला.पो.डे.डे. | दलित महिला | | १ | १ (एक) |
| | | स्थानीय कृषि, भेटेरिनरी | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **२** | **२ (दुई)** |

| क्र.सं. | विज्ञापन नम्बर | सेवा, समूह, पद | खुला तथा समावेशी | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १९ | ६२३/२०८२-८३ | स्थानीय कृषि, भेटेरिनरी | मुस्लिम महिला | | १ | १ (एक) |
| २० | ६२४/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | खुला | | १४ | १४ (चौध) |
| २१ | ६२५/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | मधेशी महिला | | ४ | ४ (चार) |
| २२ | ६२६/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | मधेशी | | ३ | ३ (तीन) |
| २३ | ६२७/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | दलित महिला | | १ | १ (एक) |
| २४ | ६२८/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | दलित | | १ | १ (एक) |
| २५ | ६२९/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | मुस्लिम महिला | | १ | १ (एक) |
| २६ | ६३०/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | मुस्लिम | | १ | १ (एक) |
| २७ | ६३१/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | आ.ज. महिला | | १ | १ (एक) |
| २८ | ६३२/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | थारु महिला | | १ | १ (एक) |
| २९ | ६३३/२०८२-८३ | स्थानीय स्वास्थ्य, जनरल नर्सिङ्ग (स्टाफ नर्स) | खुला | | १ | १ (एक) |
| ३० | ६३४/२०८२-८३ | स्थानीय स्वास्थ्य, जनरल नर्सिङ्ग (स्टाफ नर्स) | मधेशी महिला | | १ | १ (एक) |
| ३१ | ६३५/२०८२-८३ | स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग (प.हे.न.) | खुला | | ५ | ५ (पाँच) |
| ३२ | ६३६/२०८२-८३ | स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग (प.हे.न.) | मधेशी महिला | | २ | २ (दुई) |
| ३३ | ६३७/२०८२-८३ | स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग (प.हे.न.) | मधेशी | | १ | १ (एक) |
| ३४ | ६३८/२०८२-८३ | स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग (प.हे.न.) | दलित महिला | | १ | १ (एक) |
| ३५ | ६३९/२०८२-८३ | स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग (प.हे.न.) | मुस्लिम महिला | | १ | १ (एक) |
| ३६ | ६४०/२०८२-८३ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन | खुला | | २ | २ (दुई) |
| ३७ | ६४१/२०८२-८३ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन | मधेशी महिला | | १ | १ (एक) |
| ३८ | ६४२/२०८२-८३ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन | दलित महिला | | १ | १ (एक) |

**परीक्षाको किसिमः** पाठ्यक्रम बमोजिम लिखित, कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता।

**लिखित परीक्षा मिति :** पछि प्रकाशन गरिनेछ।

**परीक्षा केन्द्रः** जनकपुरधाम।

**दरखास्त दस्तुरः** सहायकस्तर पाँचौं तहको लागि रु.४,००/- (चार सय) बुझाउनु पर्नेछ र त्यस पछिका थप प्रत्येक किसिम/समूह (खुला र समावेशी) का लागि रु.२००/-(दुई सय) थप दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दिने अन्तिम मिति :** २०८२/१०/२२ गते र दोब्बर दस्तुर तिरी २०८२/१०/२९ गते सम्म।

**दरखास्त दस्तुर बुझाउने स्थान र विधिः** आयोगको अनलाईन दरखास्त प्रणालीबाट फाराम Submit गरेपछि My Application मा Click गरि All Application मा Click गर्ने त्यसपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्ने, बैंक Option मा राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड चयन गर्ने र Online/Offline Payment मध्ये कुनै एक Option छनौट गरी भुक्तानी गर्न सकिन्छ।

**Online Payment बाट दस्तुर भुक्तानी गर्नः** राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Online Payment Select गरि Next मा Click गर्ने त्यसपछि Connect IPS गरी रकम भुक्तानी गर्न सकिनेछ। Online Payment गर्ने उमेदवारहरुले तोकिएका वालेटहरु मध्ये कुनै एक प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ।

**Offline बाट दस्तुर भुक्तानी गर्नः** राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Offline Payment चयन गरि Next मा Click गर्ने त्यसपछि Click here मा Click गरी भौचर डाउनलोड गरेर प्रिन्ट गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम भुक्तानी गर्न सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः** २०८२/१०/२९ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य बुझाइसक्नु पर्नेछ।

**उम्मेदवारको उमेरको हदः** २०८२/१०/२२ गतेसम्म १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको। महिला तथा अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको। निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवाको स्थायी कर्मचारीहरूको हकमा उमेरको हद लाग्ने छैन। स्थानीय तहको स्वीकृत स्थायी दरबन्दी मध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" प्रारम्भ हुँदाका बखतसम्म अस्थायी सेवामा कम्तिमा दश वर्ष अविछिन्न रुपमा कार्यरत रहेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" प्रारम्भ भएपछि प्रदेश लोक सेवा आयोगबाट स्वीकृत पहिलो वार्षिक कार्यतालिका बमोजिम सञ्चालन हुने खुला विज्ञापनको परीक्षामा एकपटकको लागि सामेल हुन उमेरको हदम्याद लाग्ने छैन।

**अपलोड गर्नुपर्ने कागजातहरुः** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव (आयोगले तोकेको फारममा), व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो फोटो, दस्तखत र नागरिकताको प्रमाणपत्र स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ। अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जिम्मेवार र जवाफदेही हुनुपर्नेछ। कुनै पनि विज्ञापनमा एकपटक आवेदन दिइसकेपछि सोही विज्ञापनमा पुनःथप/घट गर्न वा दरखास्त सच्याउन सकिने छैन।**

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति र स्थानः** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना प्रकाशन गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः** सेवा समूहको पदलाई तोकिएका कार्य।

**तलव :** तोकिए बमोजिम।

**क) खुला तथा समावेशी प्रतियोगिताको लागि देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछः**

१. **स्थानीय प्रशासन, सामान्य प्रशासनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भएको।

२. **स्थानीय प्रशासन, लेखा (लेखा सहायक)/(आन्तरिक लेखापरीक्षक) .:** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्यशास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा गणित, तथ्याङ्कशास्त्र, अर्थशास्त्र वा जनप्रशासनमध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भएको।

३. **स्थानीय इन्जि., सिभिलः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र वा सो सरह उत्तीर्ण।

४. **स्थानीय कृषि, मत्स्य :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि वा पशुविज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह (आइ.एस्सी.एग्री) उत्तीर्ण वा एस.एल.सी./ टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि वा पशुविज्ञान विषयमा डिप्लोमा उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि वा पशु विज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिक प्रमाणपत्र) उत्तीर्ण।

५. **स्थानीय कृषि, ला.पो. एण्ड डे.डे./भेटेरिनरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह (आइ.एस्सी.एग्री) उत्तीर्ण वा एस.एल.सी./ टी.एस.एल.सी. उत्तीर्ण गरी पशु विज्ञान विषयमा न्यूनतम ३ वर्ष अवधिको कृषि वा पशुविज्ञान विषयमा डिप्लोमा उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि वा पशु विज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिक प्रमाणपत्र) उत्तीर्ण।

६. **स्थानीय शिक्षा, शिक्षा प्रशासनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा प्रमाणपत्र वा सो सरह उत्तीर्ण।

७. **स्थानीय स्वास्थ्य, जनरल नर्सिङ्ग (स्टाफ नर्स)**: मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उत्तीर्ण।

८. **स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग (प.हे.न.)**: मान्यता प्राप्त शिक्षण संस्थाबाट प.हे.न. वा नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उत्तीर्ण।

९. **स्थानीय स्वास्थ्य, हे. इ., (हेल्थ असिस्टेन्ट)**: मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सा विषयमा प्रमाणपत्र तह उत्तीर्ण।

**समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशनः**

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूको हकमा पदपूर्ति सम्बन्धी विशेष व्यवस्था स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को "**दफा १०**" बमोजिम हुनेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनोट भएपछि अन्तर्वार्ता दिन आँउदा त्यस्ता कागजातहरूको सक्कल सहित नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लिखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

**<u>खुला तथा समावेशी परीक्षाको लागि सूचनाः</u>**

१. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १६ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ।
२. प्रथम चरणको खुला र समावेशी तर्फको लिखित परीक्षा एकै (सिटिङ्ग) मिति र समयमा हुनेछ।
३. खुला तथा समावेशी तर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।
४. उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।
५. खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट कम्प्यूटर सिप परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एक भन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारलाई एक पटक मात्र कम्प्यूटर सिप परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ। कम्प्यूटर सिप परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।
६. सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको सेवा/समूह/उपसमूहको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ।

**द्रष्टव्यः**

क. स्थानीय स्वास्थ्य सेवा तर्फका सम्पूर्ण पदहरुमा दरखास्त दिन सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भई व्यवसाय अनुमति प्रमाणपत्र प्राप्त गरी म्याद कायम भएको हुनु पर्नेछ।
ख. अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने सिङ्गल दस्तुरको अन्तिम मितिसम्ममा न्यूनतम अवधि पूरा भएको हुनु पर्नेछ।
ग. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।
घ. समान तहमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ९ बमोजिम उम्मेदवार हुन पाउने व्यवस्था नभएकोले त्यस्तो उम्मेदवारको दरखास्त जुनसुकै बखत रद्द हुनेछ।
ङ. आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।
च. सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राखु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।
छ. दरखास्त दिने अन्तिम मिति (२०८२/१०/२२) गते भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ। तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसकेका उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याइ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधिभित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्क पत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।
ज. उम्मेदवारले अनलाइन दरखास्त पेश गर्दा आफू उम्मेदवार हुने किसिम र सेवा समूहको क्लस्टरमा अनिवार्य रुपले संकेत गर्नुपर्नेछ।
झ. उम्मेदवारले अनलाइन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर र इमेल ठेगाना अद्यावधिक गर्नुपर्नेछ। उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सिधै मोवाइल वा इमेल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर र इमेल ठेगाना उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवार परीक्षामा सहभागी हुन नपाएमा सो को जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनु पर्नेछ।
ञ. विज्ञापन नम्बर र छनौट विषय फरक विवरण छनोट भएको अवस्थामा संशोधन सुनिश्चित गर्न आयोग बाध्य हुने छैन।
ट. परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।
ठ. यस आयोगबाट स्वीकृत सम्बन्धित प्रदेश निजामती सेवा, समूह, उपसमूह, तह र पदको पाठ्यक्रम नै क्रमशः स्थानीय सेवा, समूह, उपसमूह, तह र पदको पाठ्यक्रम हुनेछ। पाठ्यक्रम आयोगको वेबसाइट ppsc.madhesh.gov.np बाट प्राप्त गर्न सकिने छ।